# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङवगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं. (कोरोना)/२०७६/०७७
च.नं. १२०८

मितिः २०७७/०१/०३

**सरोकारवाला/सर्वसाधारणमा अत्यन्त जरुरी सूचना ।**

हाल विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको COVID-19 (कोरोना भाइरस)को रोकथाम र नियन्त्रणका लागि उच्च सतर्कता अपनाई सम्भावित जोखिमबाट बच्न तथा रोकथाम गर्नका लागि नेपाल सरकार, प्रदेश सरकारको परिपत्र तथा जारी लकडाउनलाई मध्यनजर गर्दै द्रुत प्रतिकार्य टोलीको मिति २०७७।०१।०२ को निर्णयानुसार कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि तपसिल बमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध छः

**तपसिल**

१. लकडाउनको अवधिभर COVID-19 को जोखिमलाई मध्यनजर गर्दै बालीनाली भित्र्याउँदा, बीउ छर्दा, खेतबारीको सामूहिक कार्य गर्दा अनावश्यक अर्मपर्म, जमघट, भीडभाड नगरी सीमित संख्यामा दूरी कायम गरी काम गर्ने गरी सुरक्षा सावधानी अपनाउने । सकेसम्म अर्मपर्म, जमघट नगरी आ-आफ्नो काम आफै गर्ने । गर्नै परे सुरक्षित रहेको यकीन गरी विदेश र अन्य स्थानबाट नआएको तथा त्यस्तो व्यक्तिको सम्पर्कमा नरहेको नजिकको टोलका व्यक्तिसँग मात्र सानो समूहमा काम गर्ने ।

२. सबै गाउँ/टोलले बाहिरबाट कोही कसैलाई अत्यावश्यक काम बाहेक भित्रिन नदिने व्यवस्था मिलाउने । (टोल टोलमा अन्य व्यक्तिलाई प्रवेश निषेध गर्न रोक लगाइएको संकेत (झण्डा, साना बार, ब्यानर लगायत) राख्ने । कोही कसै भित्रिएमा तुरुन्त सम्बन्धित वडा तथा गाउँपालिका कार्यालयमा सम्पर्क गरी विवरण अद्यावधिक गर्ने ।

३. यस कार्यालयबाट मिति २०७६।१२।१० मा जारी सूचना बमोजिम २०७६ चैत्र मसान्तसम्म स्थगति गरिएका सबै तालिम, गोष्ठी, सेमिनार, सभा, सम्मेलन तथा शैक्षिक कार्यक्रमहरु अर्को सूचना जारी नहुञ्जेलसम्म बन्द गर्ने ।

४. गाउँपालिकाभित्रका मुख्य बजारहरुका अत्यावश्यक सेवा उपलब्ध गराउने बाहेकका पसल व्यवसायहरु अर्को सूचना जारी नहुञ्जेलसम्म नखोल्ने । ग्याँस, इन्धन, खाद्यान्न, औषधी पसल लगायतका अत्यावश्यक सेवा उपलब्ध गराउने व्यवसायहरु खुला राख्ने तर सेवा प्रवाह गर्दा सम्बन्धित व्यवसायीहरुले आवश्यक सुरक्षा सजगता अपनाउने, निश्चित दूरी कायम गर्ने । (खुला पसलमा सेवाग्राहीहरुको क्षेत्र तोकी डोरी वा बारले संकेत गर्ने, मुद्रा तथा विनिमयका वस्तु आदानप्रदानमा आदिमा समेत आवश्यक सजगता अपनाउने)

५. सबै गाउँ टोलहरुमा सामाजिक तथा सांस्कृतिक प्रकृतिकका सबै खाले ठूला भोजभतेर, सभा सम्मेलन, गोष्ठी लगायतका सबै खाले भीडभाड हुने कार्यक्रमहरु नगर्ने/नगराउने व्यवस्था मिलाउने । यदि कसैले अटेर गरेमा कानूनी सजाय कडाईका साथ लागू गरिने ।

६. विदेशी मुलुकबाट आएका तथा फर्किएका व्यक्तिहरुको विस्तृत विवरण सम्बन्धित वडा कार्यालय र कोरोना जोखिम रोकथामका लागि गठित **वडास्तरीय समन्वय समिति** ले नियमित अद्यावधिक तथा अवस्थाको लेखाजोखा गरी गाउँ कार्यपालिकाको कार्यालय र **गाउँपालिकास्तरीय समन्वय समिति**लाई नियमित प्रतिवेदन गर्ने ।

७. गाउँपालिकाबासी सबैले आफ्नो स्वास्थ्य र सुरक्षालाई ख्याल राखी अत्यावश्यक बाहेक हिँडडुल, घुमघाम र हाट बजार नजाने, अनावश्यक सम्पर्क कम गरी घरमै सुरक्षित रहने ।

८. गाउँपालिकामा कार्यक्षेत्र भएका सबै सरकारी तथा गैरसरकारी संघसंस्था अन्तर्गत सबै संघसंस्था, समूह, क्लब, सञ्जालहरुले दीर्घ रोगी, ज्येष्ठ नागरिक र विदेश तथा अन्य मुलुकबाट आएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी नियमित प्रतिवेदनको समेत व्यवस्था मिलाउने ।

.................................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

C:\Users\chandra\Google Drive\3 ToDo\COVID-19 AP\प्रतिवेदन\कोरोना प्रतिवेदन.docx